कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल।

पत्र संख्याः-२०८२/०८३ (प्रदेश कर्मचारी अभिलेखालय) च.नं.:- ३६६६ मितिः-२०८३।०३।०४

## सूचना

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश मार्फत स्थानीय तहमा नियुक्त भई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश कर्मचारी अभिलेखालय, कर्णाली प्रदेशमा सिटरोल दर्ता गरी अस्थायी दर्ता नम्बर (KL000000) प्राप्त गरेका स्थानीय सेवाका कर्मचारीहरुको स्थायी कर्मचारी संकेत नम्बर सिर्जना गरिएको हुँदा सम्बन्धित कर्मचारीहरुले आ-आफ्नो स्थायी कर्मचारी संकेत नम्बर सहित आफ्नो व्यक्तिगत फाइल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश कर्मचारी अभिलेखालयबाट तपसिल बमोजिम लिनुहुन आदेशानुसार अनुरोध छ।

<u>तपसिल</u>

१. सिटरोल फाराममा अति संवेदनशिल व्यक्तिगत विवरण समावेश हुने भएकाले आफ्नो व्यक्तिगत विवरण सकेसम्म आफै लिने।
२. सम्बन्धित गाउँ/नगरपालिकाबाट पत्र सहित एकमुष्ट रुपमा सिटरोल लिनुपर्ने कर्मचारीको विवरण सहित जिम्मेवारी तोकि कर्मचारीलाई लिन पठाउन सकिने।
३. स्थायी कर्मचारी संकेत नम्बर प्राप्त गरी व्यक्तिगत विवरण हेर्नु परेमा राष्ट्रिय किताबखाना (निजामती) को वेबसाइटमा कर्मचारीको Online ID Creation गर्ने तरिका Stepwise राखिएको छ। उक्त सूचना/जानकारीको सहयोगमा आफ्नो ID Create गरी आफ्नो व्यक्तिगत विवरण हेर्न वा प्रिन्ट गर्न सकिन्छ। संक्षिप्तमा यहाँ उल्लेख गरिएको छः-(**राष्ट्रिय किताबखाना(निजामती) को website→सेवाहरु→व्यक्तिगत पि.आइ.एस. लगिन→यो पेजमा ३ वटा फिचर देखिन्छ, यसकै सहयोगमा आफ्नो ID create गर्न सकिन्छ।**)

**<u>सादर अवगतार्थ</u>**

श्रीमान् प्रमुख सचिवज्यू, कर्णाली प्रदेश सरकार।

२०८३।०३।०४

**<u>बोधार्थ</u>**

श्रीमान् सचिवज्यू, शान्ति सुरक्षा, विपद् व्यवस्थापन तथा सूचना प्रविधि क्षेत्र, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

श्री प्रशासन महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

श्री प्रदेश कर्मचारी प्रशासन शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, एक प्रति अभिलेखमा राख्नु हुन।

श्री स्थानीय सेवा कर्मचारी प्रशासन शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थायी कर्मचारी संकेत नम्बर उपलब्ध गराउन सहजिकरण गर्नु हुन।

श्री सूचना प्रविधि तथा सञ्चार शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना Website मा राख्नु हुन।

वीरेन्द्रनगर-७ ईत्राम, सुर्खेत।
टेलिफोन: ०८३-५२२५००, ५२२५५५, ५२५६१९, ५२४८३२, ५२२५३३, ५२११२५, ५२१०८५
ईमेल: ocmcmkarnali@gmail.com
वेब: http://www.ocmcm.karnali.gov.np